# परमेश्वरका मानिसहरू गाउँछन्

## मुक्तिका २५ गीतहरू

अंग्रेजी र नेपालीमा

सबै गीतहरू एउटा अन्तरा सहित रेकर्ड गरिएका छन्


१. राजा परमेश्वरको सृष्टि
२. येशू हुन् मेरो कस्तो विलाश
३. आज जी उठे येशूनै
४. जीवन अँध्यारोमा जब आउँछ
५. परमेश्वर मेरो हुन् अगुवा
६. पवित्र, पवित्र, पवित्र परमेश्वर
७. येशूको म हुँ पाठो
८. प्रभु येशू विश्वास गर्छु
९. येशू मलाई गर्छन् प्यार
१०. पापमा म डुबेको थिएँ
११. येशू मेरो प्रभु भनी जान्दछु
१२. ईश्वरको छेवैमा जाँदैछु म
१३. हे ईश्वर उहिलेको उद्धार
१४. प्रतिज्ञा गरें येशू
१५. जय जय धन्य येशू हाम्रो मुक्ति
१६. हे सनातनका पहरा
१७. मसीह मसीहको लागि
१८. प्रार्थनाको समय के मिठो
१९. लिनोस् प्रभु
२०. पर्नेछ आशिषको झरी
२१. महान सृष्टिकर्ता परमेश्वरको
२२. येशू साथ साथ हिंड्दा
२३. येशू कस्तो प्यारो मित्र
२४. त्यो क्रूसमा जब हेर्दछु
२५. बिहान जब हुँदैछ


तपाईंको वचन मेरो गोडाको निम्ति बत्ती, र मेरो बाटोको निम्ति उज्यालो हो । भजनसङ्ग्रह ११९:१०५

# राजा परमेश्वरको सृष्टि १

१. राजा परमेश्वरको सृष्टि स्वर आफ्नो राग उचाली
गाऊ स्तुति हल्लेलूयाह
हे किरण घामको जस्तो सुन आकाशमा चाँदी जस्तो जून,
को: गाऊ स्तुति, उनको स्तुति हल्लेलूयाह, हल्लेलूयाह, हल्लेलूयाह

२. हे हावा जोरमा सामर्थी आकाशको बादल हे तिमी, गाऊ स्तुति...
बिहानको ज्योति स्तुति गाऊ वेलुक चम्की खूब कराऊ, गाऊ,स्तुति...
को: गाऊ स्तुति, उनको स्तुति हल्लेलूयाह, हल्लेलूयाह, हल्लेलूयाह

३.. सबथोकले गाऊन् धन्यवाद दीन भई गरून् सधैंयाद, गाऊ स्तुति...
पितालाई स्तुति पुत्रलाई आत्मालाई पनि गाऊ जय, गाऊ स्तुति...
को: गाऊ स्तुति, उनको स्तुति हल्लेलूयाह, हल्लेलूयाह, हल्लेलूयाह

**बाइबल पद :** हे सारा पृथ्वी, आनन्दसाथ परमेश्वरको जयजय गर ।
भजनसङ्ग्रह ६६:१

# २ येशू हुन् मेरो कस्तो विलाश

१. येशू हुन् मेरो कस्तो विलाश दिंदछन् मनमा महिमाको आश
मुक्तिको भागी स्वर्ग मेरो घर उनमा म बस्छु सधैं निडर ।
कोः यो मेरो हाल छ, यो मेरो गान गर्छु प्रशंसा प्रति दिनै
यो मेरो हाल छ, यो मेरो गान गर्छु प्रशंसा प्रति नै ॥

२. पूरा भरोसा आनन्द र सुख अब मेरो मनमा न शोक न दुःख
ख्रीष्टबाट भयो दयाको ज्ञान दूतगण अब गर्छन् प्रेमको बखान
कोः यो मेरो हाल छ, यो मेरो गान गर्छु प्रशंसा प्रति दिनै
यो मेरो हाल छ, यो मेरो गान गर्छु प्रशंसा प्रति नै ॥

३. विश्वास म राख्छु, ख्रीष्ट मेरो नाथ उनैमा बस्छु सुरक्षासाथ
उनैमा प्रेमले पाउँछु विश्राम जानेछु अन्तमा स्वर्गीय धाम ।
कोः यो मेरो हाल छ, यो मेरो गान गर्छु प्रशंसा प्रति दिनै
यो मेरो हाल छ, यो मेरो गान गर्छु प्रशंसा प्रति नै ॥

***बाइबल पद :*** यी सबै कुरामा हामीलाई प्रेम गर्नुहुनेद्वारा हामी विजेताहरूभन्दा पनि अझ बढी छौं । रोमी ८ः३७

# आज जी उठे येशूनै ३

१. आज जी उठे येशूनै हाल्लेलूयाह
हाम्रो बडा दिनमा जय हाल्लेलूयाह
जसले क्रूसमा दिए प्राण हाल्लेलूयाह
हाम्रो लागि गरे त्राण हाल्लेलूयाह

२. गाऔं धन्यवादको गान हाल्लेलूयाह
स्वर्गको राजा ख्रीष्टको मान हाल्लेलूयाह
क्रूस चिहानको बोके भार हाल्लेलूयाह
उनको बाटो छ उद्धार हाल्लेलूयाह

३. सहे उनले दुखनै हाल्लेलूयाह
मलाई मुक्ति दिनलाई हाल्लेलूयाह
अब स्वर्गमा राजा भई हाल्लेलूयाह
दूतले गाउँछन् उनको जय हाल्लेलूयाह ।

**बाइबल पद :** र जीवितचाहिँ म नै हुँ । म मरेको थिएँ । हेर, म सदासर्वदाको निम्ति जीवित छु, अनि मृत्यु र पातालका साँचाहरू मसित छन् । प्रकाश १:१८

# ४ जीवन अँध्यारोमा जब आउँछ

१ जीवन अँध्यारोमा जब आउँछ दुःख जब हरेस खान्छौं र हराउँछ सुख
तब आशिष गन, येशूलाई हेर, आशिष गन्दा-गन्दै, लौ त कति धेर
को: आशिष गन, गन एकै एक आशिष गन हेर छन् अनेक
आशिष गन छक्क पर्नेछौ प्रभुले तिमीलाई कति दिनुभो

२ फिक्री, शोकको भारी तिमी बोक्छौ कि आउने दिनकोलागि बाँचौं कसरी
बाइबल पढ्दाखेरी तिमी बुझ्नेछौ हाम्रा प्रेमी पिताबाट सब पाउँछौं
को: आशिष गन, गन एकै एक आशिष गन हेर छन् अनेक
आशिष गन छक्क पर्नेछौ प्रभुले तिमीलाई कति दिनुभो

३ दिनदिन लडाइँ हुन्छ छँदा संसारमा शैतान जित्न खोज्छ हामीलाई सदा
येशू छेउमा बस्दा शक्ति दिनेछन्, स्वर्ग नपुगेसम्म आशिष गन्दै गन ॥
को: आशिष गन, गन एकै एक आशिष गन हेर छन् अनेक
आशिष गन छक्क पर्नेछौ प्रभुले तिमीलाई कति दिनुभो

**बाइबल पद :** धर्मात्माको शिरमाथि आशिष्को मुकुट रहन्छ, तर दुष्टको मुखमा हिंसा छिपेको हुन्छ । हितोपदेश १०:६

# परमेश्वर मेरो हुन् अगुवा



१ परमेश्वर मेरा हुन् अगुवा यो सुन्नु कस्तो सान्त्वना
जे जति गरूँ, जाऊँ जता परमेश्वर मेरा हुन् अगुवा ।
कोः परमेश्वर मेरा हुन् अगुवा मलाई डोऱ्याउँदछन् सदा
म उनको पछि लागूँला कारण परमेश्वर हुन् अगुवा ॥

२. समात्छु म तपाईंको हात नगरूँ गनगनाइको बात
जे परे होस् रमाऊँ सदा कि ईश्वर मेरा हुन् अगुवा ।
कोः परमेश्वर मेरा हुन् अगुवा मलाई डोऱ्याउँदछन् सदा
म उनको पछि लागूँला कारण परमेश्वर हुन् अगुवा ॥

३. आउँदा पृथ्वीको कामको अन्त अनुग्रहद्वारा भई जयवन्त
निर्भय म तर्छु मृत-खोला धामसम्म ईश्वर हुन् अगुवा ।
कोः परमेश्वर मेरा हुन् अगुवा मलाई डोऱ्याउँदछन् सदा
म उनको पछि लागूँला कारण परमेश्वर हुन् अगुवा ॥

**बाइबल पद** : उहाँले मलाई हरियो खर्कमा लेटाउनुहुन्छ, र मलाई शान्त पानीको छेउमा डोऱ्याउनुहुन्छ । भजनसङ्ग्रह २३:२

# ६ पवित्र, पवित्र, पवित्र परमेश्वर

१. पवित्र(३) परमेश्वर, बिहान सधैं तपाईंको आराधना हुँदछ
पवित्र(२) शक्तिमान दयालु, त्रिएक परमेश्वर धन्य तपाईंलाई ।

२. पवित्र(३) परमेश्वर, भक्तहरू ढोग्दछन् तपाईंको चरणमा
करूवीम र सराफीम दूतले दण्डवत् गर्छन् जो थिए छन् र हुनेछन् सदा ।

३. पवित्र(३) परमेश्वर, पापी मानिस देख्दैन तपाईंको महिमा
तपाईंझैं पवित्र अरू कोही छैन, सिद्ध छन् बल प्रेम सत्य तपाईंका ।

४. पवित्र(३) परमेश्वर, गर्दछन् सबै सृष्टिले तपाईंको बडाई
पवित्र(२) शक्तिमान दयालु त्रिएक परमेश्वर धन्य तपाईंलाई ।

**बाइबल पद** : ती चारैओटा प्राणीका छ-छओटा पखेटा थिए र चारैपट्टि र भित्रपट्टि आँखाहरूले भरिएका थिए । दिनरात तिनीहरू नथामीकन यसो भन्दै गाइरहन्छन्, “पवित्र, पवित्र, पवित्र परमप्रभु सर्वशक्तिमान् परमेश्वर, जो हुनुहुन्थ्यो र हुनुहुन्छ र जो आउनुहुनेछ ।” प्रकाश ४:८

# येशूको म हुँ पाठो



१ येशूको म हुँ पाठो हृदय खुशी छ मेरो
प्रेम येशूले मलाई गर्छन् राम्रो बरदान मलाई दिन्छन्
पालन पोषण गर्दछन् नाउँबाट बोलाउँदछन् ।

२ मेरो दैनिक जीवनमा भोक र तिर्खा जान्दिनँ
हुल भेडाको उनको जहाँ राम्रो हरियो चरन त्यहाँ
लाग्छ मलाई प्यास जहिले झर्ना देखाउँछन् उनले ।

३ जीवनभर आनन्दित छु आशिषित यस झुण्डमा छु
पाउँछु गोठाला चराउने मृत्यु पछि जीवन दिने
मलाई स्वर्गमा पुऱ्याउँछ भाग्यमानी हुन्छु म ॥

**बाइबल पद :** परमप्रभु मेरा गोठाला हुनुहुन्छ, मलाई केही कुराको अभाव हुँदैन । भजनसङ्ग्रह २३:१

# ८ प्रभु येशू विश्वास गर्छु

१ प्रभु येशू विश्वास गर्छु खाली तपाईंमा
बिना दाम म पाऊँ भनेर छुट्कारा ।

२ क्षमा पाउन विश्वास गर्छु पर्छु चरणमा
पाउन तपाईंको अनुग्रह करूणा ।

३ शुद्ध हुन विश्वास गर्छु धुनुहोस् मलाई
आफ्नो रगतले सब पापको दाग मेटाई ।

४ अगुवाई पाउन विश्वास गर्छु डोऱ्याउनोस् मलाई
यात्राभरि चाहिँदो कुरा सब जुटाई ।

५ शक्ति पाउन विश्वास गर्छु तपाईंको अपार
मैले त्यो पाएर कहिल्यै खान्नँ हार ।

६ प्रभु येशू विश्वास गर्छु रहुँ म निडर ।
विश्वास गर्छु, सबको लागि सधैं भर ।

**बाइबल पद :** पत्रुसले तिनीहरूलाई भने, "पश्चाताप गर, र तिमीहरूका पाप-क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरू प्रत्येकले बप्तिस्मा लेऊ, र तिमीहरूले पवित्र आत्माको बरदान पाउनेछौ । प्रेरित २:३८

# येशू मलाई गर्छन् प्यार 

१ येशू मलाई गर्छन् प्यार, यो हो सब बाइबलको सार
बालक उनका हुन् बरदान ती निर्बल उनी बलवान ।
कोः प्यार गर्छन् मलाई, प्यार गर्छन् मलाई
प्यार गर्छन् मलाई येशूले गर्छन् प्यार ।

२ येशू मलाई गर्छन् प्यार, प्राण दिई खोले स्वर्गको द्वार
मेरो पाप सब धुनेछन्, बालकलाई बोलाउँदछन्
कोः प्यार गर्छन् मलाई, प्यार गर्छन् मलाई
प्यार गर्छन् मलाई येशूले गर्छन् प्यार ।

३ येशू मलाई गर्छन् प्यार, जस्तै निर्बल छु बिमार
आफ्नो सिंहासन देखि देख्तछन् सधैं मलाई ।
कोः प्यार गर्छन् मलाई, प्यार गर्छन् मलाई
प्यार गर्छन् मलाई येशूले गर्छन् प्यार ।

**बाइबल पद :** येशैले तिनीहरूलाई जवाफ दिई भन्नुभयो, “जसले मलाई प्रेम गर्छ, त्यसले मेरो वचन पालन गर्नेछ, र मेरा पिताले त्यसलाई प्रेम गर्नुहुनेछ, र हामी त्यसकहाँ आउनेछौं, र त्यससँग वास गर्नेछौं । यूहन्ना १४:२३

# १०　　पापमा म डुबेको थिएँ

१.　पापमा म डुबेको थिएँ बिलकूल भएँ निराश
　　येशूसित माफ मागें भई शोकले हताश
　　मेरो तब पुकार सुनी सागरको प्रभुले
　　झट्टै हात पसारी मलाई बचाए ।
कोः　उठाए मलाई (२) प्रेम गरी ख्रीष्ट येशूले उठाए मलाई
　　उठाए मलाई (२) पापसागरमा डुब्दा म, उठाए मलाई

२.　मुक्तिदाता येशूलाई हेर त पापी जन
　　पपसागरको छालदेखि प्रेमले उतार्दछन् ।
　　उनी मालिक सागरको आँधी-बतासको नाथ
　　तिमीलाई बचाउन जो पसार्छन् हात ।
कोः　उठाए मलाई (२) प्रेम गरी ख्रीष्ट येशूले उठाए मलाई
　　उठाए मलाई (२) पापसागरमा डुब्दा म, उठाए मलाई

३.　उनलाई तन-मन धन दिन्छु मेरो हुन् तारणहार
　　उनको शरणमा बस्छु गाएर जयजयकार
　　सत्य प्रेम महान् यस्तो प्रशंसा योग्य छ
　　उनको सत्य प्रेमी सेवा गर्छु म ।
कोः　उठाए मलाई (२) प्रेम गरी ख्रीष्ट येशूले उठाए मलाई
　　उठाए मलाई (२) पापसागरमा डुब्दा म, उठाए मलाई

**बाइबल पद** :मेरो प्राण परमेश्‍वरको निम्ति, जीवित परमेश्‍वरको निम्ति तिर्खाउँछ । म कहिले गएर परमेश्‍वरलाई भेटूँ ? भजनसङ्ग्रह ४२:२

# येशू मेरो प्रभु भनी जान्दछु ११

१. येशू मेरो प्रभु भनी जान्दछु पापमय इच्छा मेरो यसर्थ मार्दछु
येशू मुक्तिदाता हे त्राणकर्ता मेरो प्यारो ख्रीष्टलाई प्रेम गर्छु सदा ।

२. स्तुति जीवनभरी गर्दै रहन्छु र प्रेममा तपाईंको सधैं रहन्छु
छायाँ मृतको पर्छ जब जीवनमा प्यार गर्छु तपाईंलाई हे येशू सदा ।

३. गुञ्जोस् भवन उज्ज्वल स्तुतिले मेरो बिश्रामपाई अनन्तजीवन आनन्दको
लाई मुकुट चम्किलो गाउँछु महिमा मेरो प्यारो ख्रीष्टलाई प्रेम गर्छु सदा ।

**बाइबल पद** :जब तिनीहरूले खाइसके, तब येशूले सिमोन पत्रुसलाई भन्नुभयो, "यूहन्नाका छोरा सिमोन, के तिमी मलाई यिनीहरूभन्दा बढी प्रेम गर्दछौ ?"
यूहन्ना २१:१५

# १२ ईश्वरको छेवैमा जाँदैछु म

१ ईशवरको छेवैमा जाँदैछु म परे पनि दुःखमा लगिन्छु म
स्तुत गाउँदै जय भन्छु ईश्वरको छेवैमा, ईश्वरको छेवैमा.........

२. बैकुण्ठको बाटोलाई दिन्छन् मलाई सबथोक दिन्छन् मलाई वहाँ आशिषलाई
दूतभन्दा श्रेष्ठ हुन्छु ईश्वरको छेवैमा, ईश्वरको छेवैमा.....

३. दुःख शोकलाई त्यागेर शान्त भएर चम्कदै रहन्छु वहाँ गएर
शोक हुँदैन साथमा ईश्वरको छेवैमा, ईश्वरको छेवैमा..........

**बाइबल पद :**मैले त्यसका चालहरू देखें, तर त्यसलाई म निको पार्नेछु । म त्यसलाई डोऱ्याउनेछु, र फेरि सान्त्वना दिनेछु, इस्राएलमा विलाप गर्नेहरूका मुखमा प्रशंसा उत्पन्न गराउनलाई । टाढा र नजिक बस्ने दुवैलाई शान्ति होस्, शान्ति," परमप्रभु भन्नुहुन्छ, । "म तिनीअरूलाई निको पार्नेछु ।" यशैया ५७:१८-१९

# हे ईश्वर उहिलेको उद्धार १३

१ हे ईश्वर उहिलेको उद्धार आशा भविष्यको
आँधी बतासमा हाम्रो आड अनन्त धाम हाम्रो

२ तपाईंको गद्दी छायाँमा हामी निडर बस्छौं ।
तपाईंको हातमा भरोसा राखी सुरक्षित छौं ।

३ जगको सृष्टि भन्दा अघि तपाइँ हुनुहुन्छ
परमेश्वर अनादिदेखि अनन्त कालसम्म ।

४ वर्ष हजार एक क्षण जस्तो तपाइँको दृष्टिमा
बिलाउँछ जस्तै अँध्यारो सूर्यको ज्योतिमा ।

**बाइबल पद :** हे परमप्रभु, पुस्तादेखि पुस्तासम्म तपाईं हाम्रो बासस्थान हुनुभएको छ । भजनसङ्ग्रह ९०:१

# १४ प्रतिज्ञा गरें येशू

१ प्रतिज्ञा गरे येशू म सेवा गर्नेछु
मसँग सधैं बस्नोस् हे साथी र प्रभु ।
लडाईंदेखि डराउन्न नजीक हुनुभए
तपाईंको पथ बिराउन्न पाउ डोऱ्याउनु भए ।

२ छेऊ मेरो बस्नोस् येशू सांसारिक मायाले
फसाउँछ मलाई सधैं लोभ्याउने सोरले
छन् शत्रु चारैतिर मनभित्र छन् पनि ।
हे येशू आई प्राणलाई जोगाउनोस् पापदेखि ।

३ स्वार्थको झगडादेखि ईर्ष्याको आँधीमा
म स्वर तपाईंको सुनुं मधुर, शान्त, सफा
मलाई चेतावनी, साहस वा हप्की होस् प्रभु
बोली मलाई सुनाउनोस् हे रक्षक प्राणैको ।

४ हे येशू, यो प्रतिज्ञा चेलालाई दिइयो कि
"जहाँ म छु, हुनेछौ त्यहाँ तिमी पनि" ।
हे येशू वचन दिएँ म सेवा गर्नेछु
तपाईंको पछि लागूँ हे साथी र प्रभु

**बाइबल पद :** तपाईं मेरो भाग हुनुहुन्छ, हे परमप्रभु, तपाईंका वचनहरू पालन गर्ने, मैले प्रतिज्ञा गरेको छु । भजनसङ्ग्रह ११९:५७

# जय जय धन्य येशू हाम्रो मुक्ति १५

१. जयजय धन्य येशू हाम्रो मुक्तिदाता दुनियाँ हो, अचम्मको प्रेम सुनाऊ ।
भज भज दूतहरू स्वर्गमा गाउँछन् उनको नामलाई इज्जत र मान बढाऊ
भैं गोठाला येशूले भेडा पाल्छन् काँधमा बोकी सानालाई ल्याउँछन् घर
आऊ सब सियोन डाँडामा बस्ने विश्वासी स्तुति गर येशूको जयजयकार

२. जय जय धन्य येशू हाम्रा मुक्तिदाता पापको लागि रगत बहाई मरे
हाम्रो आड र अनन्त जीवनको आशा भज भज येशू जो क्रूस चढे
दुःख भोग्ने प्रेमपूर्ण मुक्तिदाता काँडे मुकुट घोच्यो उनको निधार
लाज घिन इन्कार निन्दा खाई हाम्रो लागि अब जयवन्त स्वर्गको राजकुमार

**बाइबल पद :** तिनीहरूले उहाँलाई भने, “सुन्दैछौ, यिनीहरूले के भनिरहेका छन् ?” तब येशूले तिनीहरूलाई भन्नुभयो, “हो, सुन्दैछु । के तिमीहरूले पढेका छैनौ, शिशुहरू र दूधे-बालकहरूका ओठबाट तपाईंले पूर्ण प्रशंसा निकाल्नुभएको छ ?” मत्ती २१:१६

# १६ हे सनातनका पहरा

१. हे सनातनका पहरा ख्रीष्ट पाऊँ सरण तपाईंमा
क्रूसमा रगत पानी जो कोखाबाट बहेथ्यो
शुद्ध पारोस् नीच मनलाई पापको दोष र वश हटाई ।

२. हातमा भेटी ल्याउन्नँ म खाली क्रूसमा भर पर्छु
आउँछु नाङ्गो असहाय मेरो उद्धारक तपाईं
धारा भाग्छु भइ हताश धुनोस् नत्र हुन्छु नाश ।

३. मेरो रहुञ्जेल आयु जब हुन्छ नि मृत्यु
अनि स्वर्गमा हेर्दा तपाईंलाई सिंहासनमा
हे सनातनका पहरा ख्रीष्ट पाउँ शरण तपाईंमा ।

**बाइबल पद :** परमप्रभु मेरो चट्टान, मेरा किल्ला र मेरा उद्धारक हुनुहुन्छ । मेरा परमेश्वर मेरो चट्टान हुनुहुन्छ, जसमा म शरण लिन्छु । उहाँ मेरो ढाल, र मेरा शक्तिशाली उद्धारक हुनुहुन्छ, मेरो गढ । भजनसङ्ग्रह १८:२

# मसीह मसीहको लागि



१. मसीह मसीहको लागि लडाईं गर्नुछ
उनैको क्रूसको झण्डा उठाई बोक्नुछ
जय पाउनु उनले दिन्छन् जय पाउन अँ जरूर
खीष्ट हुन् सबैका राजा नष्ट हुन्छन् सब शत्रु ।

२. मसीह मसीहको लागि लडाईं गर्नुछ
सब ढाडस, बल र सामर्थ खीष्टदेखि पाउनुछ
न आफ्ना बलले जित्नु न आफ्ना हतियार
अवश्य सबै लाऔं धर्म पुस्तकको अन्सार ।

३. मसीह मसीहको लागि लडाईं गर्नुछ
युद्ध गर्ने बेला कम्मर सत्यले बाँध्नुछ
विश्वासको ढाल लगाऔं र तलवार आत्माको
सुसमाचारका जुत्ता र कवज धर्मको ।

४. मसीह मसीहको लागि लडाईं गर्नुछ
आज लडाईं गर्नु भोलि जय पाउनु छ
दिइन्छ स्वर्गे मुकुट विजयी सबैलाई
र स्वर्गमा सधैं बस्नु विजयको गीत गाउँदै ।

**बाइबल पद :** "म तिमीहरुलाई भन्दछु, हरेक जसले मलाई मानिसहरुका सामुन्ने स्वीकार गर्दछ, त्यसलाई मानिसको पुत्रले पनि परमेश्वरका दूतहरुका सामुन्ने स्वीकार गर्नेछ ।" लूका १२ः८

# १८ प्रार्थनाको समय के मीठो

१ प्रार्थनाको समय के मीठो सांसारिक चिन्ता छोड्दछु
औ आफ्नो पिताको सन्मुख म सब बताउँछु आफ्नो दुःख ।
ममा जब आउँछ विपत्ति उनले छोडाउँछ तीदेखि
शैतानको जालदेखि बाँच्छु जब प्रार्थना गरी उठ्दछु ।

२ प्रार्थनाको समय के मीठो जब जान्दछु सच्चेइ उनको
पितालाई बिन्ती चढाउँछु र बाटो आशिषको हेर्छु ।
र जब बोलाउँदछन् उनले कि उनलाई भजूँ सब समय
म आफ्नो चिन्ता प्रार्थनामा राख्छु गर्दै आशा उनैमा ।

३ प्रार्थनाको समय के मीठो दिलाशी मेरो सदाको
छ जबसम्म यो विश्वास म जान पाउँछु उनको पास ।
जब छोड्छु म यस जगतलाई पाउनेछु वासस्थान अनन्तकै
प्रभुको सामने तब आई गर्नेछु स्तुति उहाँलाई ॥

**बाइबल पद :** कति जना स्त्रीहरू र येशूकी आमा मरियम अनि उहाँका भाइहरूकासाथ यिनीहरू सबै एक मनका भएर निरन्तर प्रार्थना गरिरहन्थे । प्रेरित १:१४

# लिनोस् प्रभु 

१ लिनोस् प्रभु मेरो ज्यान होस् तपाईंलाई बलिदान ।
लिनोस् हरेक दिन र क्षण स्तुतिमा बितून् ।

२ लिनोस् मेरा हात प्रभु लाउनोस् काममा तपाईंको
लिनोस् मेरा पाउ प्रभु आफ्नो पथमा हिंडाउनु ।

३ लिनोस् मेरो स्वर प्रभु तपाईंको बडाई गर्छु ।
लिनोस् मेरा ओठ प्रभु होस् सुवचन भरेको ।

४ लिनोस् मेरो धन प्रभु सब तपाईंलाई बुझाउँछु ।
लिनोस् बुद्धि ज्ञान प्रभु वशमा ल्याई तपाईंको ।

**बाइबल पद** :हाम्रा प्रभु येशू ख्रीष्टलाई अमर प्रेम गर्नेहरू सबैसँग अनुग्रह होस् । एफिसी ६:२४

# २० पर्नेछ आशिषको झरी

१ पर्नेछ आशिषको झरी प्रेमको प्रतिज्ञालाई मान ।
हुन्छन् समय जीउँनी दिने खीष्ट मुक्तिदाताको दान ।
को: आशिषको झरी आशिषको झरी पठाऊ ।
दयाको थोपो चुहुन्छ आशिषको झरी पठाऊ

२ पर्नेछ आशिषको झरी जीवनमा होस् शक्ति-बल ।
सबैमा उत्पन्न गराउँछ पवित्र आत्माको फल ।
को: आशिषको झरी आशिषको झरी पठाऊ ।
दयाको थोपो चुहुन्छ आशिषको झरी पठाऊ

३ पर्नेछ आशिषको झरी हामीमा प्रभु पठाऊ ।
दिएर आत्माको भरपूर वचनको तेजले जगाऊ ।
को: आशिषको झरी आशिषको झरी पठाऊ ।
दयाको थोपो चुहुन्छ आशिषको झरी पठाऊ

४ पर्नेछ आशिषको झरी होस् आजदेखि शुरू ।
हामीले आज पाप मान्छौं सुन्नुहोस् विन्ती येशू ।
को: आशिषको झरी आशिषको झरी पठाऊ ।
दयाको थोपो चुहुन्छ आशिषको झरी पठाऊ

**बाइबल पद :** म तिनीहरूलाई र मेरो डाँडाको चारैतिरका ठाउँहरूलाई आशिष् दिनेछु । म ठीक ॠतुमा तिनीहरूका निम्ति झरी बर्षाइदिनेछु । त्यहाँ आशिष्का झरीहरू हुनेछन् । इजकिएल ३४:२६

# महान् सृष्टिकर्ता परमेश्वरको २१

१. महान् सृष्टिकर्ता परमेश्वरको जय संसारलाई प्रेमगरी ख्रीष्टपुत्र पठाए
जो प्राण अफ्नो त्यागी बने तारणहार र सबैको लागि खोले स्वर्गद्वार
को. स्तुति गाऊ (२)उनको वचन सुनाऊ, स्तुति गाऊ (२)सबै मिली रमाऊ
येशू पुत्रद्वारा पिताकहाँ आऊ र ईश्वरको जयजयकार स्तुति चढाऊ ।

२. हो रगतले किनेको पूरो उद्धार विश्वासीहरूलाई ईश्वरको करार ।
जो सबभन्दा तुच्छ त्यो विश्वास गरे त्यसलाई क्षमा गर्छन् झट्टै येशूले
को. स्तुति गाऊ (२)उनको वचन सुनाऊ, स्तुति गाऊ (२)सबै मिली रमाऊ
येशू पुत्रद्वारा पिताकहाँ आऊ र ईश्वरको जयजयकार स्तुति चढाऊ ।

३. दिए महान् शिक्षा, गरे महान् काम, महान् छ नि येशूमा हर्ष इनाम ।
तै यसभन्दा बढ्ता छ आनन्द अपार हामी जब हेरौला ख्रीष्टको मुहार ।
को. स्तुति गाऊ (२)उनको वचन सुनाऊ, स्तुति गाऊ (२)सबै मिली रमाऊ
येशू पुत्रद्वारा पिताकहाँ आऊ र ईश्वरको जयजयकार स्तुति चढाऊ ।

**बाइबल पद :** परमेश्वर पिता र हाम्रा प्रभु येशू ख्रीष्टबाट तिमीहरूलाई अनुग्रह र शान्ति । हाम्रा परमेश्वर र पिताको इच्छाअनुसार उहाँले यस वर्तमान दुष्ट युगबाट हामीलाई छुट्कारा दिनलाई हाम्रा पापका निम्ति आफैलाई अर्पण गर्नुभयो । परमेश्वरलाई सदा-सर्वदा महिमा भइरहोस् । आमिन् । गलाती १:३-५

# २२ येशू साथ साथ हिंड्दा

१ येशू साथ साथ हिंड्दा वचनको ज्योतिमा हाम्रो बाटो गराउँछन् प्रकाश ।
हाम्रो हुन् पालनहार उनको ईच्छा अन्सार यदि गर्दछौ र मान र विश्वास
।
कोः मान र विश्वास गरे ख्रीष्टमा छ आश
येशूलाई गर्नुपर्छ खालि मान र विश्वास ॥

२. तर तनमन र माल अर्पण नगरूञ्ज्याल हामी येशूमा हौंला निराश
कारण आनन्द र जय येशू दिन्छन् त्यसलाई जसले गर्दछन् मान र विश्वास ।
कोः मान र विश्वास गरे ख्रीष्टमा छ आश
येशूलाई गर्नुपर्छ खालि मान र विश्वास ॥

३. उनको संगतिमा पाउनेर बसौंला बाटोमा हिंडौला उनको पास
उनको आज्ञा मानौं जहाँ पठाउनेछन् जाऔं डर नहोस् खालि मान र विश्वास ॥
कोः मान र विश्वास गरे ख्रीष्टमा छ आश
येशूलाई गर्नुपर्छ खालि मान र विश्वास ॥

**बाइबल पद :** हनोक परमेश्वरको साथसाथ हिँड्थे । र तिनी अलप भए, किनभने परमेश्वरले तिनलाई उठाइलानुभयो । उत्पत्ति ५:२४

# येशू कस्तो प्यारो मित्र



१ येशू कस्तो प्यारो मित्र पापको भार उठाउनुभो ।
दुःख सुख ईश्वर कहाँ ल्याउनु हामीलाई बरदान कत्रो !
कति शान्ति सुख गुमाउँछौं कति दुःख छ व्यर्थैमा ।
कारण ईश्वरकहाँ हामी सब ल्याउँदैनौ प्रार्थनामा ।

२ चारैतिर बाट आउँछ संकट क्लेश र परीक्षा
लौ, हरेस खानु पर्दैन ख्रीष्टलाई भनौं प्रार्थनामा ।
हाम्रो सबै दुःखमा भागी यस्तो मित्र कहाँ पाऔंला ।
हर कमजोरी येशू बुझ्छन् ख्रीष्टलाई भनौं प्रार्थनामा ।

३ हामी छौं कि निर्वल दुःखित चिन्ता बोझले लादेका ?
हाम्रो आश्रय खाली येशू ख्रीष्टलाई भनौं प्रार्थनामा ।
साथीले के गर्छन् हेला ? ख्रीष्टलाई भनौं प्रार्थनामा ।
उनले रक्षा गर्छन् हाम्रो उनमा पाउँछौं सान्त्वना ॥

**बाइबल पद :** आफ्ना मित्रहरूका लागि आफ्नो प्राण अर्पण गरिदिनुभन्दा ठूलो प्रेम अरू कसैको हुँदैन । यूहन्ना १५:१३

# २४ त्यो क्रूसमा जब हेर्दछु

१. त्यो क्रूसमा जब हेर्दछु जसमा मरिनुभो येशू
धन-सम्पत्ति म तुच्छ ठान्छु घमण्ड त्यागी नरम हुन्छु ।

२. येशूले भोगे मृत्यु-दण्ड खाली यसमा गर्छु घमण्ड
मलाई लोभ्याउने थोकहरू म उनको लागि त्यागदछु ।

३. लौ उनको शिर हात पाउदेखि हेर दुःख र प्रेम मिसी बग्यो ।
छ शिरमा काढा बुनेको के अघि यस्तै मुकुट थियो ?

४. सब संसार भएता मेरो त्यो पनि तुच्छ दान हुन्थ्यो
लौ यत्रो प्रेमको योग्य दान हो जीवन, आत्मा,जीउ र प्राण ।

**बाइबल पद :** हाम्रा प्रभु येशू ख्रीष्टको क्रूस बाहेक अरू कुनै पनि कुरामाथि घमण्ड गर्ने कुरा मदेखि दूर रहोस्, जसद्वारा मचाहिँ संसारको लेखि, र संसार मेरो लेखि क्रूसमा झुण्डयाइएको छ । गलाती ६:१४

# बिहान जब हुँदैछ



१. बिहान जब हुँदछ मन जागी भन्दछ ? येशूको होस् बढाइ ।
काम काज र प्रार्थनामा येशूकहाँ जान्छु म येशूको होस् बढाइ ।

२. नीद जब टर्दछ, आत्मा उदास हुन्छ ? येशूको होस् बढाइ ।
कुचिन्ता आउँदामा, हृदय दूर राख्छु म येशूको होस् बढाइ ।

३. उदास जब हुदँछ, उनैमा शान्ति छ येशूको होस् बढाइ ।
सांसारिक सुख नभए, तै शान्ति छ उनमै येशूको होस् बडाइ ।

४. सिंगै संसार मिली, मधुर राग उचाली येशूको होस् बडाइ ।
मिली भनून् आकाश, समुद्र र बतास येशूको होस् बडाइ ।

**बाइबल पद :** र भूईँमा घोप्टो परेर दण्डवत् गरी भने, “म आफ्नी आमाको गर्भबाट नाङ्गै आएँ, अनि म नाङ्गै फर्केर जानेछु । परमप्रभुले दिनुभयो अनि परमप्रभुले लानुभयो, परमप्रभुको नाउँ धन्यको होस् ।” अयूब १:२१

# जयगान

*पिता, पुत्र, आत्मालाई जय ।*

भन्छौ तपाईको जयजयकार,

*आकाश र धरती मिलेर,*

*आशिष् पठाउने परमेश्वर,*

**www.GodsPeopleSing.org**